# काठमाडौं महानगरपालिका कार्यालय

## बोलपत्र आव्हानको सूचना

**सूचना नं. ८०/०७१/७२**

सूचना प्रकाशन मिति २०७२।०३।२०

तपसिल बमोजिमको सामानहरु लिलाम गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति (नागरिकताको प्रतिलिपी) वा इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता, काठमाडौं महानगरपालिकाको व्यवसाय दर्ता प्रमाणपत्र आ.व. २०७१/०७२ सम्मको (नविकरण सहित) मु.अ.क दर्ता, आ.ब. ०६९/०७० को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यस कार्यालयबाट खरिद गरिएको दरखास्त फारम रीतपूर्वक भरी आफूले कबोल गरेको रकमको ५ प्रतिशत (विदेशी नागरिकको हकमा १० प्रतिशत) बराबरको रकम नगद नेपाल राष्ट्र बैंक थापाथली स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. १२०४७०२००१०३०५२४ एनपिआर मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्रबाट मान्यता प्राप्त " क" वर्गको बैंकको बैंक ग्यारेण्टी संलग्न गरी सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनको कार्यालय समय भित्र खरिद इकाई बागदरवारबाट प्रस्ताव रु. १०००/- (एकहजार) दस्तुर (पछि फिर्ता नहुने गरी) मा खरिद गरी २२ (बाइस) औं दिनको १२:०० बजे भित्र का.म.पा. खरिद इकाईमा सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ । दर्ता भएका प्रस्ताव सोहि दिन अपरान्ह २:०० बजे पछि खरिद इकाईमा खोलिनेछ ।

| प्याकेज नं. | सामानको विवरण | परिमाण | न्युनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| २०७/०७१/०७२ | पुराना काम नलाग्ने स्पेयर पार्टसहरु लिलाम गर्ने कार्य । | ४९६५.१५ | रु. १,६९,८०८/१३ | |
| २०८/०७१/०७२ | फलाम तथा फलामजन्य वस्तु लिलाम गर्ने कार्य । | ५०३०० के.जी. | रु. १४,८८,८८०/- | |

खरिद इकाई

# काठमाडौं महानगरपालिका कार्यालय

राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं

## मालसामान खरिदको लागि बोलपत्र आव्हान

(सूचना प्रकाशित भएको मितिः २०७२/०३/१६)

ठेक्का नं. ७९/०७१/०७२

१. काठमाडौं महानगरपालिका कार्यालय योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत, निम्न बमोजिम मालसामान खरिद गर्न यो बोलपत्र आव्हान गरिएको छ ।

| **प्याकेज नं.** | **मालसामानको विवरण** | **बोलपत्र कागजातको दस्तुर** | **बोलपत्र जमानत दस्तुर** | **बोलपत्र खरिद अन्तिम मिति/समय** | **बोलपत्र पेश गर्ने अन्तिम मिति/समय** | **बोलपत्र खोल्ने मिति/समय** | **बोलपत्र हार्डकपी पेश गर्ने अन्तिम मिति/समय**(विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नेहरुलाई) |
|---|---|---|---|---|---|---|---|
| २०५/०७१/०७२ | लुब्रिकेन्ट खरिद तथा सप्लाई गर्ने कार्य । (स्पेशिफिकेसन बमोजिम) | रु. १०००/- | रु. १,२०,०००/- | २०७२/०४/१४ (कार्यालय समय) | २०७२/०४/१५ (१२:००बजे) | २०७२/०४/१५ (१४:००बजे) | २०७२/०४/२१ (कार्यालय समय) |
| २०६/०७१/०७२ | छपाई तथा सप्लाई गर्ने कार्य । | रु. १०००/- | रु. ७५,०००/- | २०७२/०४/१४ (कार्यालय समय) | २०७२/०४/१५ (१२:००बजे) | २०७२/०४/१५ (१४:००बजे) | २०७२/०४/२१ (कार्यालय समय) |

३. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न वा अध्ययन गर्न चाहेमा, यस कार्यालयको तल उल्लेखित ठेगानामा सम्पर्क राख्न सक्नेछन् ।

४. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु तल उल्लेखित ठेगाना र काठमाडौं महानगरपालिका कार्यालय, बागदरवार, काठमाडौंबाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानीय निकाय व्यवसाय कर प्रमाणपत्र नविकरण सहित(आ.व. २०७१/०७२), करचुक्ताको प्रमाणपत्र(आ.व. २०७०/०७१), भ्याटमा दर्ता प्रमाणपत्र र बोलपत्र सम्बन्धी कागजातको दस्तुर भौचर (फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र दस्तुर वापतको माथि तोकिएको रकम का.म.पा. को नाममा नविल बैंक राजस्व खाता नं. ०२०६०१७५००४३६ मा जम्मा गर्नुपर्नेछ ।

६. शिलबन्दी गरिएको बोलपत्र माथि उल्लेखित मिति र समय अनुसार बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिनेछैन ।

७. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा यस कार्यालयको तल उल्लेखित स्थानमा माथि उल्लेखित मिति र समय बमोजिम खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९०(नब्बे) दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ माथि उल्लेखित भए अनुसार नगद जमानत राख्ने भए यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंक थापाथली काठमाडौंमा खोलिएको धरौटी खाता नं. १२०४७०२००१०३०५२४ एनपिआर मा जम्मा गरिएको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट सो रकम बराबरको १२० (एकसय बीस) दिन म्याद भएको बैक ग्यारेन्टीको सक्कल प्रति बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।

८. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

९. धरौटी जमानत बोलपत्र सम्वन्धी कागजातमा दिइएको नमूना अनुसार अनिवार्य हुनुपर्नेछ । अन्यथा उक्त बोलपत्रलाई मुल्यांकनमा समावेश गरिनेछैन ।

१०. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

खरिद एकाई, राष्ट्रिय सभागृह,
प्रदर्शनी मार्ग, काठमाडौं